प्रदेश सरकार
प्रदेश योजना आयोग
कोशी प्रदेश, विराटनगर

☎ ०२१-४७५३७६
ppc.koshi.gov.np
info.ppc@p1.gov.np

प.सं. २०८१।८२
च.नं.

# घरभाडा लिने सम्बन्धी १५ दिने सूचना

दोस्रो पटक प्रकाशित मितिः- २०८२/०१/१५

प्रदेश योजना आयोग, कोशी प्रदेशका उपसचिवज्यूको आवास प्रयोजनको लागि तपसिल बमोजिमको मापदण्डभित्रको घर भाडामा लिनु पर्ने हुँदा इच्छुक घरधनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस आयोगमा कार्यालय समय भित्र आइपुग्ने गरी आफुले दिन सक्ने बहाल दरदेट खुलाई रीतपूर्वकको निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. भाडा लिनुपर्ने घर विराटनगर महानगरपालिका क्षेत्रभित्र आयोगबाट ८ कि.मि. सम्मको आसपास ।
२. चारैतिर कम्पाउण्ड वालले घेराबार भएको हुनुपर्ने ।
३. घरमा विद्युत, धारा, पानीको सुविधा भएको हुनुपर्ने ।
४. वहाल लिने घर कम्तिमा किचन डाइनिङ कोठा सहित ४ वटा कोठा भएको र १ वटा बाथरुम भएको।
५. कम्तिमा १ वटा चारचक्के र ४ वटा दुई चक्के सवारी साधन पार्किङको लागि पर्याप्त ठाउँ उपलब्ध हुनु पर्ने ।
६. घरधनीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सो घर अवस्थित जग्गाको धनीपुर्जाको प्रतिलिपि, सो घरको स्वीकृत नक्सा तथा निर्माण सम्पन्नको पत्रको प्रतिलिपि, घरजग्गाको लाग्ने हालसम्मको सबै किसिमको कर र दस्तुर तथा पानी, बिजुलीको महसुल चुक्ता गरेको प्रमाणको प्रतिलिपि सहित निवेदन पेश गर्नुपर्नेछ ।
७. आफुले भाडामा दिन चाहेको घरजग्गा मासिक के कति भाडा दरमा दिन सकिने हो । सो रकम अंक अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
८. नियमानुसारको घरबहाल कर कट्टी गरिनेछ।
९. निवेदन प्राप्त भएका घर भाडामा लिने वा नलिने भन्ने अधिकार यस आयोगमा निहित हुनेछ ।
१०. अन्य कुराहरु यस आयोगले तोके बमोजिम हुनेछ

कृष्णकुमार न्यौपाने
उपसचिव